तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १ मितिः २०७७/०२/२७

**भाग-२**

**तादी गाउँपालिका**

**भकारो सुधार कार्यक्रम संचालन सम्बन्धमा तादी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यबिधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

# भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७७

## कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०७७/०२/२७

**प्रस्तावना**

तादी गाउँपालिकाको अधिकांश भू-भाग कृषिमा भएकोले भौगोलिक रुपमा कृषिमा आधारित स्थानीय तह हो तादी गाउँपालीका `आर्थिक विकासमा कृषि क्षेत्रको अग्रणी भूमिका रहेको छ माटोको उर्बराशक्ति कायम गर्दै कृषि क्षेत्रको दिगो विकास गरी खाद्यान्नमा आत्मनिर्भर हुने संभावना प्रवल रहेको छ । बोट बिरुवालाई आवश्यक खाद्यतत्व प्रर्याप्त मात्रामा पूर्ति गर्न प्राङ्गारिक/रासायनिक मलको आवश्यक पर्ने भएकोमा रसायनिक मल समयमा उपलब्ध नहुँदा बर्षेनी कृषकहरुले समस्या व्यहोर्नु पर्ने भएकाले भकारो सुधार कार्यक्रम संचालन गरी प्राङ्गारिक मलको गुणस्तर विकास गर्न अति आवश्यक भएको छ । दिगो रुपमा माटोको उर्बराशक्ति कायम राख्न परम्परागत तरिकाले उत्पादन हुने प्राङ्गारिक मलको मुख्य श्रोत गाईबस्तुको मलमूत्र नै हो । गाईबस्तुको मूत्रमा पाइने मल खाद्यतत्वलाई बचाउन र गुणस्तर बृद्धिगर्न भकारो सुधार कार्यक्रम महत्वपूर्ण रहेको र भकारो सुधारबाट प्राङ्गारिक खेतीमा समेत महत्वपूर्ण योगदान दिन सक्ने भएको यथार्थकतालाई समेत मध्यनजर गरी रासायनिक प्रभावबाट मानव स्वास्थ्यमा पर्नसक्ने प्रभावलाई केही हदसम्म कम गरी पर्यावरण संरक्षणमा समेत महत्वपूर्ण भूमिका खेल्ने भएकोले तादी गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**:(१) यस कार्यविधिको नामा भकारो" सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तादी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:

(क) **"कार्यपालिका"** भन्नाले तादी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ख) **"सेवाकेन्द्र"** भन्नाले तादी गाउँपालिकाको कृषिसेवा केन्द लाई सम्झनुपर्दछ ।

(ग) **"समिति"** भन्नाले कार्यविधिको दफा १२ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ।

(घ) **"वडा"** भन्नाले तादी गाउँपालिको वडालाई सम्झनु पर्दछ।

**३. कार्यक्रम संचालनको उद्वेश्यः** भकारो सुधार कार्यक्रमको उद्वेश्य देहाय बमोजिम रहनेछ ।

(क) गुणस्तरीय गोठेमलको उत्पादन तथा प्रयोगमार्फत प्रांगारिक उत्पादनलाई जोड दिने ।

(ख) रसायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने ।

(ग) दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुऱ्याउने ।
(घ) कम्पोष्ट मल तयार गरी वातावरण स्वस्थ राख्ने ।

## परिच्छेद-२

**कार्यक्रम संचालन प्रकृया**

**४. कार्यक्रम संचालन गरिनेवडाहरु:** तादी गाउँपालिकाका सवै वडाहरुमा यो कार्यक्रम संचालन गरिनेछ ।

**५. कार्यक्रम संचालन गरिनेवडा तथा समूह छनौटः**

गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सूचना अनुसार कृषी समूहले गरेको प्रस्तावको आधारमा दफा १२ बमोजिमको समितिले पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी वडा तथा समूहको छनौट गर्नेछ ।

**६. कार्यक्रम संचालनका लागि कृषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिमः हुनेछ**

(क) दफा ५ बमोजिम वडा र समूह छनौट भए पश्चात् कार्यक्रम संचालनका लागि सम्बन्धित समूहको बैठकले भकारो सुधारका लागि घरधुरीको छनौट गर्नुपर्नेछ ।

(ख) समूह,सहकारी तथा फार्म दर्ता गरी सकृय रुपमा व्यवसायिक कृषि कार्य गरी आएको कृषक/कृषक समूहलाइ प्राथमिकता दिईनेछ ।

(ग) कम्तीमा २ वटा गाईवस्तु पालेको कृषकलाई प्रथमिकता दिईनेछ । कृषक घरधुरी हरुको छनौट गर्दा कृषक समूहले प्राविधिकको सहयोगमा ५/५ जना को क्लस्टर (cluster) बनाई एकै ठाउँमा पर्ने गरी गनुपर्दछ । (घ) एउटै व्यक्ति वा समूहलाई दोहोरो पर्नेगरी सुविधा वा अनुदान दिईने छैन ।

(ङ) घरधुरीको छनौट भएपछि सो जानकारीको समूहले कृषि सेवा केन्द्र मा दिनुपर्नेछ । उक्त जानकारी गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

(च) क्लष्टरमा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढी भएमा दलित, जनजाती तथा लोपन्मुखलाई प्राथमिकता दिई समितिले सिफारिश गरे बमोजिम कार्यक्रम सन्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएमा दुई वटासम्म क्लष्टर मिलाई कार्यक्रम संचालन गरिनेछ ।

**७. Focal person <u>तोक्नुपर्ने:</u>** भकारो सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न र आवश्यक प्राबिधिक सहयोग गर्नका लागि गाउँपालिकाले एकजना प्राविधिक कर्मचारीलाइ focal person को रुपमा तोक्नु पर्नेछ।

**८. न्यूनतम मापदण्ड पूरा हुनुपर्ने** भकारो सुधार गर्दा कम्तीमा २ वटा पशुका लागि गहुँत नचुहिने गरी पक्की गरिनु पर्ने, गहुँत संकलन् ट्याङ्की ब्यबस्था हुपर्नु र भकारो अर्थात मलखाद फ्याँक्ने

खाडललाई  घाम पानी बाट जोगाउनका लागि छानोको ब्यबस्था गरेको र प्राविधिकले तोके अनुसारको मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

**९.अनुदान रकमको ब्यबस्थाः** समितिबाट छनौट भएका कृषक समूहलाई मुल्यांकन गरी प्रति भकारो सुधारका लागि बढिमा रु.१०,०००।- (दश हजार) सम्म अनुदान रकम अथवा सो बराबरको सामग्री उपलब्ध गराइने छ ।

**१०.अनुदान रकम प्रबाहको ब्यबस्थाः** भकारो सुधार कार्य सम्पन्न पछि भए सम्बन्धित प्राबिधिकले सो को गुणस्तर निरीक्षण गरी प्राविधिक र समितिको सिफारिस प्राप्त भएपछि मात्र कृषकलाई तादी गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

**११. कार्यक्रम अनुगमनको ब्यबस्थाः** कार्यक्रमको नियमित अनुगमन दफा १२ बमोजिमको  समितिले गर्नेछ । अनुगमन गरे वापत गाउँपालिकाले नियमानुसार यातायात खर्चको ब्यवस्था गर्नेछ ।

**१२.कृषि विकास समितिको गठन**: गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम कृषि विकास समितीको गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँ पालिका उपाध्यक्ष | संयोजक |
| ख)आर्थिक विकास समितिका संयोजक | सदस्य |
| ग) सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| घ) अगुवा कृषक समुहको प्रतिनिधी | सदस्य |
| ङ) कृषि सेवा केन्द्र प्रमुख | सदस्य सचिव |

**१३ निर्देशन दिन सक्नेः** कार्यक्रम सम्बन्धमा तादी गाउँ पालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

**१४.बाधा अड्काउ फुकाउने :** यस कार्यविधिमा कुनै अस्पष्टता एवं द्धिविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ

# अनुसूची १
# निवेदनको ढाचाँ

मिति :२० / /

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
तादी गाउँपालिका

विषय : भकारो सुधार कार्यक्रममा सहभागी गराई दिनु हुन

प्रस्तुत विषयमा तादी गाउँपालिकाको आ.व.......... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मिति ......../...../...... मा प्रकासित भकारो सुधार कार्यक्रम संचालन गर्ने सम्बन्धि सुचना अनुसार मलाई मलखाद व्यबस्थापन गर्नको लागी १ वटा भकारो सुधार कार्यक्रममा सहभागी हुन तपशिल अनुसारको विवरण भरि यो निवेदन पेश गरेको छु ।

संग्लन कागजातहरु :

१.निवेदन रु.१० को टिकट
२.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३.सम्बन्धित वडाको सिफारिस
४.समुह सहकारीको माग निर्णयको प्रतिलिपि
६.कृषि फर्म भए दर्ता प्रमाण पत्र तथा कर चुक्ताको प्रमाण पत्र

**निवेदक**
कृषकको नाम :
ठेगाना :
सम्पर्क नं. :
दस्तखत :

आज्ञाले

(दीपक दाहाल)
प्रमुख प्रशासकीय अधिकृत